# स्थानीय तहको विनियोजन ऐन, २०७५

## मेलम्ची नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७५।०३।२३

**प्रस्तावना :** मेलम्ची नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मेलम्ची नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** **(१)** यस ऐनको नाम **"मेलम्ची नगरपालिकाको विनियोजन ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू १,५५,३३,०२,८१०।५४- (अक्षेरूपी एक अर्ब पचपन्न करोड तेत्तीस लाख दुई हजार आठ सय दश रूपैया र चौउन्न पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** **(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मेलम्ची नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा कार्यपालिकाबाट निर्णय गरि नगरसभाबाट अनुमोदन गर्नेगरी कार्य गरिनेछ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

रू.

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| क | | **चालु खर्च तर्फ** | | | | |
| | | आन्तरिक | ४२७३६००० | | | ४२७३६००० |
| | | वित्तिय समानिकरण | ६१२६४००० | | | ६१२६४००० |
| २ | | विविध कार्यक्रम(सामाजिक सुरक्षा र स्थानीय शा. तथा सामुदायिक विकास कार्यक्रम) | ९०००००० | | | ९०००००० |
| ३ | | बिषयगत शाखा | २३४८००००० | | | २३४८००००० |
| | | | | | | |
| ख | | **पुजिगत तर्फ** | | | | |
| | | वित्तिय समानिकरण | | | | |
| | | वडा तर्फ | | ७१५००००० | | ७१५००००० |
| | | नगरपालिका तर्फ | | १६३४९१००० | | १६३४९१००० |
| | | प्रदेश सरकारबाट प्राप्त | | ४७२७९००० | | ४०००००० |
| ३ | | आन्तरिक पुजिगत | | १३५७३२८१०।५४ | | १३५७३२८१०।५४ |
| ग | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| घ | | लगानी (शेयर/ऋण) | | | | |
| ङ | | संघसंस्था तर्फका कार्यक्रम | | | ७०६५००००० | ७०६५००००० |
| | | **जम्मा** | ४२८८००००० | ४१८००२८१०।५४ | ७०६५००००० | १५५३३०२८१०।५४ |